नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मसिर/पौष २०७० (December 2013) वर्ष १७/अङ्क २०१

## डरले भरिएको संसारमा मुक्तिदाताको जन्म

–डीकन सिमोन पाठक

संसार आज डरले भरिएको छ । डरको तरङ्ग जताततै फैलिएको छ । धनी र विकसित राष्ट्रहरूलाई आफूभन्दा माथि अर्को राष्ट्र पुग्ने हो कि भन्ने डर छ। कम विकसित राष्ट्रहरूलाई शक्तिशाली राष्ट्रहरूले थिचोमिचो गर्ने हुन् कि भन्ने डर छ। धनी मानिसहरूलाई पैसा कहाँ लगानी गर्ने, बैंक डुब्ने पो हो कि, चोरी हुने हो कि भन्ने डर छ । देशको राजनीतिक अवस्था बिग्रँदो छ, फेरि पनि संविधान नबन्ने हो कि भन्ने डर छ । नेपालका युवा पुस्तालाई आफ्नो भविष्यको डर छ। देशमा भएका कल कारखानाहरू बन्द हुँदैछन् । नेपाल देशमा आफ्नो भविष्य सुरक्षित नदेखेको कारण आफ्नो भविष्य निर्माण गर्न विदेश पलायन हुनेहरूको संख्या बढ्दो छ, किनकि सबैलाई भविष्यको डर छ ।

आमा-बुबाहरूलाई आफ्ना हुर्कँदै गरेका छोराछोरीहरू बिग्रने हुन् कि, गलत बाटोमा लाग्ने हुन् कि भन्ने डर छ भने पढ्दै गरेका विद्यार्थीहरूलाई पढाईमा राम्रो गर्न नसक्ने हुन् कि भन्ने डर छ भने कक्षामा प्रथम भइराखेकाहरूलाई अर्को साथीले मैलेभन्दा बढी नम्बर ल्याएर मलाई जित्ने हो कि भन्ने डर छ। जागिरमा भएकाहरूलाई कुनै कारण जागिरबाट निष्कासित हुने हुन् कि भन्ने डर छ भने व्यापार-व्यवसाय गरिराखेकाहरूलाई आफ्नो लगानी डुब्ने हो कि भन्ने डर छ। उमेर पाका हुँदै गएकाहरूलाई बुढेसकालमा दुःख पाइने पो हो कि भन्ने डर छ। विवाहको उमेर पुगेकाहरूलाई राम्रो जीवन साथी नपाउने हुन् कि भन्ने डर छ भने विवाह भएकाहरूलाई आफ्नो घर बिग्रने हो कि भन्ने डर छ । डरको तरङ्ग संसारका सबै वर्ग, समाज र मानिसहरूमा फैलिएको छ । डरले सानो बालकदेखि वृद्ध कसैलाई पनि छोडेको छैन ।

### ख्रीष्टमस डरबाट स्वतन्त्र हुने समय

डरले भरिएको संसारमा ख्रीष्टमसले दिने पहिलो सन्देश हो "नडराओ" । प्रेरित लूकाले माननीय थियोलफिसलाई सम्बोधन गरेर लेखेको पत्रमा यसरी लेखेका छन् "तब स्वर्गदूतले तिनीहरूलाई भने; *"नडराओ, किनभने हेर म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ"* (लूका २:१०-११) । लूकाले लूकाको पत्र र प्रेरित गरेर दुईवटा पुस्तकहरू लेखेका छन् । दुवै पुस्तकमा उनले थियोफिलसलाई सम्बोधन गरेर लेखेका छन् । उनी को थिए भन्ने कुरा पक्का गरी भन्नलाई गाह्रो छ । तर बाइबलका विद्वानहरूले बताएअनुसार थियोफिलस येशूको विषयमा चाँसो राख्ने, येशू ख्रीष्टको विषयमा केही ज्ञान पाएका साथै उनी नयाँ मार्गको विषयमा जान्न चाहने व्यक्ति थिए । लूकाले माननिय थियोफिलस भनेर सम्बोधन गरेका छन्, हुनसक्छ उनी रोमी अधिकृत थिए । त्यहीकारण लूकाले ख्रीष्टियन गतिविधिको इतिहासको विषयमा विस्तृत रूपमा जानकारी गराउने उद्देश्यले यो पत्र लेखेका थिए । उनले येशूको जन्मको खबरसँगै डरबाट स्वतन्त्र हुने सन्देश पनि मानव जातिलाई दिएका छन् ।

### ख्रीष्टमस आनन्दको समय

लूकाले येशूको जन्म कहिले र कहाँ भयो भन्ने ऐतिहासिक कुरा उल्लेख गरेका छन् (लूका २:१-७) । येशूको जन्मको मितिको सम्बन्धलाई लिएर प्रश्न गर्ने र ख्रीष्टमसको वास्तविकतालाई स्वीकार गर्न नसक्नेहरूको निम्ति लूकाको पत्र अध्ययन गर्नु अति महत्त्वपूर्ण छ। ख्रीष्टमस मनाउनु भनेर बाइबलमा कहाँ लेखिएको छ ? येशूको जन्म डिसेम्बर २५ तारिख नै भएको हो भनेर कहाँ लेखिएको छ ? आदि प्रश्नहरू तेर्साएर सोझा-साझा विश्वासीहरूलाई अल्मलाउन खोज्ने समुदायहरू पनि नेपालमा फाट्टफुट्ट भेट्टाइन थालेका छन् । येशूको जन्मको पक्का मिति थाहा नभएतापनि येशू जन्मनुभएको, क्रूसमा टाँगिनुभएको र मृत्युपछि तेस्रो दिनमा जीवित भई स्वर्ग उचालिनुभएको प्रशस्त प्रमाणहरू बाइबलमा पाउन सक्दछौं, यी तथ्यहरूले गर्दा हामी येशूको जन्ममा आनन्द मनाउन सक्छौं ।

प्रेरित लूकाले येशूको जन्म कैसर अगस्टस्ले देशको जनगणना लिनलाई उर्दी जारी गरेको समयमा भएको कुरालाई उल्लेख गरेका छन्। कैसर अगस्टस् ख्रीष्ट पूर्व ३१ देखि इ.सं. १४ सम्म रोमी साम्राज्यका सम्राट थिए। रोमी साम्राज्यको राजधानी रोम थियो । उनको राज्यकालमा सिरियाका हाकिम कुरेनियस थिए । उनको समयकालमा जनगणना भएको यो पहिलो थियो। सरकारको उर्दीअनुसार यूसुफ मरियमलाई लिएर बेथलेहेममा गए । मरियमले बालक जन्माउने समय आइपुगेको हुनाले संसारको मुक्तिदाताको जन्म बेथलेहेममा भयो । यूसुफ र मरियम गालीलको नासरतका बासिन्दा थिए । तर किन बेथलेहेममा नै येशूको जन्म भयो ? किनकि मीका अगमवक्ताले येशूको जन्म बेथलेहेममा हुनेछ भनेर उहाँ जन्मनुभन्दा करिब ७५०-६८६ ई.पू. को बीचमा अगमवाणी गरेका थिए (मीका ५:२) । मीकाले गरेको अगमवाणी पूरा हुनको निम्ति उहाँको जन्म बेथलेहेममा नै भएको थियो। येशूको जन्मको पहिलो खबर पाउने सौभाग्य गोठालाहरूलाई मिल्यो। गोठालाहरूको बालक येशूसँग भेट भएपछि डरले भरिएको हृदय आनन्द र खुशीले भरिन पुग्दछ । येशूको जन्ममा आनन्दसँग परमेश्वरको स्तुतिका गीतहरू गाउने पहिलो साङ्गितिक झुण्ड स्वर्गदूतहरूपछि गोठालाहरू नै थिए (लूका २:१३-२० ) ।

### ख्रीष्टमस आशाको समय

मानिसको हृदय निरासले भरिएको छ। परमेश्वरले डर, अशान्ति र निरासाको सृष्टि गर्नुभएको थिएन तर मानिस यी कुराहरूको

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| मंसिर २९ गते डिसेम्बर १४ ता. | पाष्टर सामुएल कार्थक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | पाष्टर बिर ब. खवास | एल्डर श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |
| पौष ६ गते डिसेम्बर २१ ता. | डीकनेस् सुइङ्ग कार्थक | एल्डर पूर्ण सुनुवार | श्री रमेश लामा | एल्डर दिल थापा | डीकन घनश्याम दाहाल | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर राजेन्द्र कु. रोंगोंग |
| पौष १० गते डिसेम्बर २५ | **ख्रीष्ट जन्मोत्सव बिहान ११:०० बजे आ–आफ्नै मण्डलीमा** | | | | | | |
| पौष १३ गते डिसेम्बर २८ ता. | डीकन अर्जुन ढकाल | पाष्टर अशोक मुखिया | श्री सिद्धि खालिङ | पाष्टर रोबर्ट कार्थक | एल्डर रुबेन श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |
| पौष २० गते जनवरी ४ ता. | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | श्री सरुष मान तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र कु. रोंगोंग | श्रीमती गंगा श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |

वशमा परेको छ । बेथलेहममा गोठालाहरू पनि स्वर्गदूतलाई देख्नासाथ डराएका थिए । तर मुक्तिदातासँगको भेटले उनीहरूमा भएको डर बिलाएर गयो । उनीहरूले नयाँ आशा पाएका थिए । ख्रीष्टमसचाहिँ अशान्ति र आशाविहिन भएकाहरूको निम्ति आनन्द र आशाको समय हो । आदम र हव्वाको पापले डर, चिन्ता, फिक्री, निरास, अशान्ति र मृत्युको जन्म भएको थियो तर मुक्तिदाता येशूको जन्मले शान्ति, आनन्द, मुक्ति, छुटकारा, आशा र अनन्त जीवनको जन्म भएको छ । मुक्तिदाताको जन्मसँगै मानव जीवनमा आशाको उदय भएको छ । आशा नभएकाहरूको निम्ति येशू ख्रीष्ट आशा हुनुहुन्छ । मुक्ति खोजिराखेकाहरूको निम्ति येशू ख्रीष्ट मुक्ति हुनुहुन्छ अनि आनन्द र शान्ति खोजिराखेकाहरूको निम्ति येशू ख्रीष्ट शान्ति र आनन्दको स्रोत हुनुहुन्छ । अन्धकार र डरले भरिएको संसारमा ज्योतिको उदय भएको छ । त्यो ज्योति येशू हुनुहुन्छ अनि उहाँको पछि लाग्नेहरू अन्धकारमा हिँडडुल गर्नु पर्नेछैन ।

### ख्रीष्टमस मुक्तिको समय

गोठालाहरूको बालक येशूसँग भेट भएपछि सबै डरहरू हटेर गएको थियो । उनीहरूले रमाहटसँग मुक्तिदाताको जन्मको विषयमा मानिसहरूलाई बताएका थिए (लूका २:१७) । गोठालाहरूले सुनाएको सन्देश नौलो भएको कारण मानिसहरू आश्चर्यचकित भएका थिए (लूका २:१८) । ख्रीष्टमसको सन्देश नसुनेकाहरूको निम्ति पहिलो पटक सुन्दा आश्चर्यचकित हुनु स्वभाविकै हो । किनकि येशूको जन्ममा धर्म होइन मुक्ति र अनन्त जीवनको सन्देश लुकेको छ । यो सन्देश सुनेर ग्रहण गर्नेहरूको जीवन रूपान्तरण हुँदछ ।

गोठालाहरूले येशूको जन्मको सन्देश सुनेको अनुसार देखे अनि विश्वास गरेको हुनाले उनीहरूको जीवन रूपान्तरण भयो । डरले भरिएको हृदय आनन्दले भरिन पुग्यो । यदि हामीलाई भविष्यको डर छ, व्यापार-व्यवसायको डर छ, कामको डर छ, रोग बिमारको डर छ, मृत्युको डर लगायत अन्य कुनै पनि कुराको डर छ भने ख्रीष्टमसको सन्देश छ ‘नडराओ’ मुक्तिदाताको जन्म भएको छ । हाम्रो हृदय कुनै कुराले डराइराखेको छ भने प्रभु येशूलाई राज्य गर्न दिऔं र डरबाट स्वतन्त्र हौं । डरले भरिएका, आशा गुमाएका, अशान्तिमा जीवन जिइरहेका र मुक्ति खोजिराखेका मानिसहरूलाई ख्रीष्टमसको सन्देश सुनाउँदै दुई हजार तेन्ह सालको ख्रीष्टमसको उत्सव मनाऔं, किनकि डरले भरिएको संसारमा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ ।

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ८:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन — बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश — दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|---|
| मंसीर २९ गते डिसेम्बर १४ ता. | एल्डर गोपी राई | श्री राज गुरुङ्ग | डीकन नर ब. श्रेष्ठ | श्री लाक्पा लामा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | डीकन नविना लिम्बू | एल्डर धन ब. तामाङ्ग |
| पौष ६ गते डिसेम्बर २१ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | डीकन सिमोन पाठक | पाष्टर एल. पी. न्यौपाने | श्रीमती शान्ति तामाङ्ग | डीकन हनोक तामाङ्ग |
| पौष १० गते डिसेम्बर २५ | **ख्रीष्ट जन्मोत्सव बिहान ११:०० बजे आ–आफ्नै मण्डलीमा** | | | | | | | |
| पौष १३ गते डिसेम्बर २८ ता. | डीकन पासाङ्ग तामाङ्ग | श्री राज गुरुङ्ग | डीकन नर ब. श्रेष्ठ | सुश्री दिल कु. घलान | पाष्टर एल. पी. न्यौपाने | एल्डर छोदेन कार्थक | श्री कुमार सेन्चुरी | डीकनेस् आशामाया तामाङ्ग |
| पौष २० गते जनवरी ४ ता. | पाष्टर महेश थान्जू | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घलान | पाष्टर एल. पी. न्यौपाने | एल्डर छोदेन कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | एल्डर धन ब. तामाङ्ग |

**प्रभु येशू ख्रीष्टको जन्मोत्सव (ख्रीष्टमस) तथा नव वर्ष २०१४ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवारहरू साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं ।**

**अगुवा अभिषेकः** मंसीर १५ गते/नोभेम्बर ३० ता. शनिबार नेइम वसन्तटार सानो मुडेवास मण्डली धनकुटा एल्डरमा श्री रोमी मगर, डीकनहरूमा श्री दाउद मगर, केशर मगर र डीकनेस्मा श्रीमती रेबिका मगरको अभिशेष भयो ।

## हार्दिक बधाई



मंसिर १२ गते/नोभेम्बर २७ ता. बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री निल प्रसाद धिताल र सुश्री अम्बिका ढकालको नेपाली इसाई मण्डली ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनु भएकोमा श्रीमान/श्रीमती निल/अम्बिका धितालालाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी



गाम्छा बस्नुहुने, नेइम गाम्छा मण्डलीकी सदस्या श्रीमती कान्छी नगरकोटी ७६ वर्षको उमेरमा असोज १९ गते/अक्टोबर ५ ता. शनिबार प्रभुमा सुत्नुभयो ।



दहचोक बस्नुहुने, नेइम गुर्जुधारा मण्डलीकी सदस्या सुभद्रा खत्री के.सी. ७७ वर्षको उमेरमा कार्तिक २३ गते/नोभेम्बर ९ ता. शनिबार प्रभुमा सुत्नुभयो ।



धोबीघाट बस्नुहुने, नेइम ललितपुर मण्डलीकी सदस्या श्रीमती सानु मैया घले ६७ वर्षको उमेरमा कार्तिक २० गते/नोभेम्बर ६ ता. बुधबार प्रभुमा सुत्नुभयो ।



बेथानी आश्रममा बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीकी सदस्या सानुमाया तामाङ्ग ६६ वर्षको उमेरमा कार्तिक २९ गते/नोभेम्बर १५ ता. शुक्रबार प्रभुमा सुत्नुभयो ।



कपन बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीकी सदस्या श्रीमती बुद्धमती लिम्बू ८१ वर्षको उमेरमा मंसीर ३ गते नोभेम्बर १८ ता. सोमबार प्रभुमा सुत्नुभयो ।



इमाडोल बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य वम बहादुर सुनुवार ७२ वर्षको उमेरमा मंसीर १६ गते/डिसेम्बर १ ता. आइतबार प्रभुमा सुत्नुभयो ।

## डिसेम्बर महिनाको कार्यक्रम

पौष १ गते/डिसेम्बर १६ ता. सोमबार महिला उपवास प्रार्थना आ-आफ्नो मण्डली

पौष १० गते/डिसेम्बर २५ ता. बुधबार ख्रीष्ट जन्मोत्सव आ-आफ्नो मण्डली, बिहान ११:०० बजे

पौष १६ गते/डिसेम्बर ३१ ता. मंगलबार आधारातको प्रार्थना (Half night Prayer) राती ९:००-१२:०० बजेसम्म आ-आफ्नो ठाउँमा

## नेइम बाल संगति दिवस

१. मंसिर २९ गते/डिसेम्बर १४ ता. शनिबार -नेइम ललितपुर/नेइम सिर्जनानगर चर्च
२. पुस ६ गते/डिसेम्बर २१ ता. शनिबार -नेइम ज्ञानेश्वर/नेइम जोरपाटी/नेइम नगरकोट चर्च
३. पुस १३ गते/डिसेम्बर २८ शनिबार -नेइम गोंगबूँ चर्च

## हार्दिक अनुरोध

**२०१४ मा नेइम कार्यकारिणी र नेइम परिषद्को बैठक निम्न मितिमा राखिएको हुनाले नेइम अन्तर्गतका व्यवस्थापन तथा विभागहरूले सो मितिमा कुनै पनि कार्यक्रमहरू नराखिदिनुहुन अनुरोध गर्दछौं ।**

**फागुण ७ गते/फेब्रुवरी १९ ता. बुधबार नेइम कार्यकारिणीको बैठक नेइम गोंगबूँ मण्डली**

**जेष्ठ १५ गते/मे २९ ता. बिहीबार नेइम कार्यकारिणीको बैठक नेइम जोरपाटी मण्डली**

**असार २२ गते/जुलाई ६ ता. आइतबार नेइम परिषदको बैठक नेइम ज्ञानेश्वर मण्डली**

**असोज ९ गते/सेप्टेम्बर २५ ता. बिहीबार नेइम कार्यकारिणीको बैठक नेइम ललितपुर मण्डली**

**मंसीर २१ गते/डिसेम्बर ७ ता. आइतबार नेइम परिषदको बैठक नेइम ज्ञानेश्वर मण्डली**

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २३ 8<br>खीष्टमसको अवसरमा सारा संसारभरिका विभिन्न मण्डलीहरूमा हुने सुसमाचार प्रचारको सेवा साथै विभिन्न माध्यमद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**प्रेरित ४:१२** | ३० 15<br>आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसामा अगुवाई र सुसमाचार प्रचार गर्नुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | ७ 22<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>**प्रेरित ११:२४** | १४ 29<br>मण्डलीलाई अगुवाइ गरिरहनुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>**फिलिप्पी २:१-५** |
| **सोमबार**<br>**Monday** | २४ 9<br>प्रत्येक विश्वासीहरू व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने सामूहिक प्रार्थनामा मूल्य चुकाउन सकून् ।<br>**यशैया ६२:६** | १ पौष 16<br>उपवास प्रार्थना सभाहरू साथै अन्य प्रार्थना सभाहरूमा चढाइएको प्रार्थनाद्वारा मण्डलीमा ठूलो आत्मिक जागृती आएको होस् जसको कारण मण्डली देशमा आशिषको कारण बन्न सकून् ।<br>**यशैया ६०:१७-२२** | ८ 23<br>परमेश्वरको प्रेम चाखेर पनि फेरि संसारति फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>**लूका १५:११-२४** | १५ 30<br>आउँदो वर्ष नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाई मागौं ।<br>**यर्मिया ३३:३, २९:११-१३** |
| **मंगलबार**<br>**Tuesday** | २५ 10<br>खीष्टमसको अवसरमा हुने सुसमाचार प्रचार, सेवा संगति साथै विभिन्न माध्यमद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी निरन्तर प्रार्थना गरिरहन सकौं ।<br>**भजनसंग्रह २:८, १ तिमोथी २:३-४** | २ 17<br>प्रभुको नाउको खातिर दु:ख, कष्ट, सतावत भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**भजनसंग्रह ६०:१२, ४४:५, ७** | ९ 24<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष र आत्मिक उन्नतिको कारण हुन सकून् ।<br>**रोमी १४:१९** | १६ 31<br>यो वर्षभरि परमप्रभु परवमेश्वरले उहाँको प्रेम, अनुग्रहमा मण्डलीलाई दिनुभएको सबै आशिषहरूको निम्ति सबै आदर, भक्ति र महिमा उहाँलाई चढाऔं ।<br>**व्यवस्था ११:११-१२, ८:१०, भजनसंग्रह ५०:२३** |
| **बुधबार**<br>**Wednesday** | २६ 11<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>**हिब्रू १०:२४-२५** | ३ 18<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, शुरू भएको संगति मण्डलीको लागि साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै प्रभुमा आउन सकून् ।<br>**यशैया ५४:१-४, मत्ती ६:३३** | १० 25<br>आज नेपालभरिका साना ठूला मण्डलीहरूमा हुने खीष्टमस सेवा आशिषमय भएको होस् भनी प्रार्थना गरौं ।<br>**लूका २:८-२०** | १७ New Year 2014 1<br>परप्रभु परमेश्वरले राखिदिनुभएका आशिषहरू उपभोग गर्दै आशिष बन्नको निम्ति विश्वासको कदम बढाउन सकौं ।<br>**एफिसी १:३, यहोशू १: ३-५** |
| **बिहीबार**<br>**Thursday** | २७ 12<br>आफूले पाएका विभिन्न वरदानहरू मण्डली निर्माणको निम्ति प्रेम र नम्रतामा सबैले परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>**१ कोरिन्थी १३:१-३** | ४ 19<br>मण्डलीका जवानहरू परमेश्वरबाटको बिभिन्न सेवाकाईको बोलावटमा आज्ञाकारी हुनलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**यर्मिया १:४-१०, योएल २:२८** | ११ 26<br>खीष्टमसको समयमा सुसमाचार सुनेका धेरै मानिसहरूलाई परमेश्वरले आफ्नो राज्यमा ल्याउनुभएको छ भनी विश्वासको प्रार्थना चढाऔं ।<br>**मत्ती २१:२२, मर्कूस ११:२४** | १८ 2<br>यो वर्ष सुसमाचार प्रचारको काममा मण्डली अझ लागिपरेको कारण धेरै जना परमेश्वरको राज्यमा आउन सकून् ।<br>**आमोस ९:१३-१४** |
| **शुक्रबार**<br>**Friday** | २८ 13<br>विभिन्न सेवा संगति तथा आराधना सेवामा सुनेका वचनहरूमा मण्डली आज्ञाकारी हुन सकून् ।<br>**याकूब १:२२-२५** | ५ 20<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिक रूपमा बढ्दै जाने सेवा संगति हुन सकून् ।<br>**मत्ती ६:१-५** | १२ 27<br>भोलि नेपाल देशभरि हुने आराधना सेवाहरूमा पवित्र आत्मा परमेश्वरको गहिरो काम मण्डलीको जीवनमा मागौं ।<br>**प्रेरित २:४६-४७** | १९ 3<br>प्रार्थना, प्रशंसा, वचन पढाइ, सुसमाचार प्रचारको क्षेत्रमा मण्डली अझ जागृत हुन सकून् ।<br>**रोमी १२:११-१२** |
| **शनिबार**<br>**Saturday** | २९ 14<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरकै महिमाको कामको लागि तयार हुन सकून् ।<br>**१ शमूएल ३:१-१०** | ६ 21<br>मण्डलीका सबै बाल बालिकाहरू परमेश्वरबाट आशिष पाएकाहरू भई सानै उमेरमा नै असल साक्षी भई परमेश्वर महिमा दिन सकून् ।<br>**यशैया ६१:९** | १३ 28<br>मण्डलीका अभिभावकहरूले आफ्ना बाल बालिकाहरूलाई प्रभुको शिक्षा, अनुशासन र प्रेममा हुर्काउन सकून् ।<br>**व्यवस्था ६:५-६, ३२:४६** | २० 4<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्दै जान सकून् ।<br>**प्रेरित १:८,२:४२-४७** |